# स्थानीय राजपत्र

**पालुङ्टार नगरपालिका नगरकार्यपालिका द्वारा प्रकाशित**

**खण्ड १ पालुङटार,  मिति २०७५/०३/२० सङ्ख्या ५**


नेपालको संविधानको धारा २२६ को उपधारा १ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम पालुङटार नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए वमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ-

## भाग -१

## पालुङटार नगर कार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**प्रस्तावनाः**

पालुङटार नगर कार्यपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्नको निमित्त नेपालको संविधान वमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रही संविधानको अनुसूची ८ र अनुसूची ९ बमोजिम तोकिएका बिषयमा आवश्यकताअनुसार नियमहरु बनाई लागु गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधाराा (१) बमोजिमको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) र (२) को अधीनमा रही संविधानको धारा २२३ वमोजिमको पालुङटार  नगरसभाले यो ऐन बनाई लागु गरेको छ, ।

### १.संक्षिप्त  नाम, विस्तार र प्रारम्भ :

(१) यो ऐनको नाम पालुङटार नगर कार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ रहेको छ ।

(२) यो ऐन पालुङटार नगरपालिका क्षेत्रभित्र तुरुन्त लागु हुनेछ .

**२. परिभाषा :** (१) बिषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले पालुङटार नगरपालिकाको प्रशासकीय कार्यविधि - नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले पालुङटार नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले पालुङटार नगरपालिका सम्झनु पर्छ।

(घ) "वडा" भन्नाले पालुङटार नगरपालिकाको वडा सम्झनु पर्छ।

(ङ) "सभा" भन्नाले संविधानको धारा २२३ वमोजिमको नगरसभा सम्झनु पर्छ।

(च) "संविधान"भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. नियम बनाउने नगर कार्यपालिकाको अधिकार :**

(१) संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम नगरपालिकाले आफ्नो सवै काम सुचारु रुपले सम्पादन गर्न र विभिन्न बिषय क्षेत्रगत कार्य जिम्मेवारी निर्वाह गर्न बिषय क्षेत्रगत इकाईहरुले अपनाउनु पर्ने सबै प्रशासकीय विषयका कार्यविधि नियमित गर्नको निमित्त नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा नगरपालिकाले संघीय तथा प्रदेश ऐन वमोजिमका बिषयमा समेत आवश्यकताअनुसार नियम बनाई लागु गर्न सक्नेछ।

**४. बचाउ :** यो ऐन प्रारम्भ हुनु पूर्व पालुङटार नगरपालिका नगरकार्यपालिका द्धारा बनाई लागु गरिएका नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड आदि यसै ऐनबमोजिम भएको मानिनेछ।

**प्रमाणीकरण मितिः** २०७५/०३/०५

**आज्ञाले**
**बीरेन्द्रदेव भारती**
**प्रमुख प्रशासकीय अधिकृत**